**राष्ट्रिय मानव अधिकार आयोगको २२ औं स्थापना दिवसको उपलक्ष्यमा आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगरले दिनु भएको मन्तव्य**

**सम्माननीय प्रधानमन्त्रीज्यू**
**सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदिबहिनीहरू,**
**राष्ट्रसेवक, नागरिक समाजका प्रबुद्ध व्यक्तिहरू,**
**मानव अधिकारकर्मी तथा सञ्चारकर्मीहरू,**
**स्वास्थ्य उपचारमा खटिएका स्वास्थ्यकर्मीहरू,**
**सुरक्षा सेवामा खटिएका सुरक्षाकर्मीहरू,**
**सामाजिक कार्य तथा मानव सेवामा खटिएका संघ संस्था तथा व्यक्तित्वहरू**
**नेपालका शुभचिन्तक विदेशी निकायहरू,**

मानव अधिकारको संरक्षण र सम्वर्धन गर्ने मूल ध्येयका साथ अनावरत रुपमा क्रियाशील रहँदै आएको राष्ट्रिय मानव अधिकार आयोग आज २१औं वसन्त पार गरी २२ औं वसन्तमा प्रवेश गरेको छ । विभिन्न आरोह अवरोहरु पार गर्दै २२ औं वसन्तमा प्रवेश गरिरहेको अवस्थामा कोभिड-१९ को प्रकोपको कारण आयोगको स्थापना दिवस हामीले यहाँहरू माझ भौतिक रुपमा बसेर मनाउन सकेनौं । यस्तो विषम परिस्थितिमा पनि प्रविधिको माध्यमबाट आयोगका सम्पूर्ण स्वदेशी तथा विदेशी शुभेच्छुकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको कारण विश्वभरका मानवको अधिकार अहिले जोखिममा परेको छ । मानव सभ्यतामा प्रहार गरिरहेको महामारीले उत्पन्न गराएको कठिनाइका बाबजुद पनि नेपाल लगायत विश्वका सबै राष्ट्रहरूले मानव जीवन रक्षाको लागि आफ्ना प्रयास जारी राखेका छन् । अहिलेको विषम परिस्थितिमा हामी एक अर्कावीच मनमुटाव र स्वार्थलाई त्यागेर मानव जीवन रक्षाको लागि एक जुट भई सुरक्षित र संयमका साथ सहकार्य र समन्वयमा हामी सबै एक साथ रहनुपर्ने अवस्था आएको छ । एक वर्षभन्दा बढी समयदेखि यस महामारीको सामना गर्दै आएको नेपालले आजसम्म ६ हजार भन्दा बढी नागरिकहरू गुमाइसकेको तथ्याङ्कले देखाएको छ । यस कोरोना भाइरसको संक्रमणबाट ज्यान गुमाएका सबै नागरिकहरूप्रति श्रद्धाञ्जली र परिवारमा समवेदना व्यक्त गर्न चाहन्छु । साथै, संक्रमित भै महामारीसँग लडिरहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको प्रभावकारी स्वास्थ्य उपचारका साथै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

स्वास्थ्य सेवामा अहोरात्र खटिरहेका स्वास्थ्यकर्मीहरू, सुरक्षाकर्मीहरू, सूचना प्रवाहमा लागेका सञ्चारकर्मी, नागरिक समाज तथा संकटको बेला मानव सेवामा खटिरहेका समाजसेवीहरू सबैप्रति म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

राष्ट्रिय मानव अधिकार आयोग आफ्नो संवैधानिक कर्तव्य तथा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय महासन्धि बमोजिम मानव अधिकारको संरक्षण र सम्बर्धनका लागि सदा क्रियाशिल रहेको छ । देशमा आएका विषम परिस्थिति, संकट, विपद तथा सशस्त्र द्वन्द्व जस्तो परिस्थतिमा समेत आयोग आफ्नो संवैधानिक कार्यादेशबाट विमुख नभई कार्य गरिरहेको छ । गत वर्ष कोभिड-१९ को महामारीमा मानव अधिकारको अवस्था अनुगमन गरी प्रतिवेदन प्रकाशनमा ल्याएको छ । साथै उक्त प्रतिवेदन मार्फत नेपाल सरकारलाई आवश्यक सेवामा सुधार तथा विपद व्यवस्थापनका लागि सिफारिस एवम् निर्देशन समेत गरेको छ । यस वर्ष पनि आयोगले आफ्ना प्रदेश कार्यालय मार्फत अनुगमन कार्यलाई सशक्त रुपमा निरन्तरता दिइरहेको छ । अनुगमनबाट प्राप्त तथ्यका आधारमा प्रेस विज्ञप्ति, प्रेस नोट तथा पत्राचारको माध्यमबाट सम्बन्धित विषयहरूमा गम्भीरताका साथ सम्बोधन गर्नको लागि समय समयमा नेपाल सरकारको ध्यानाकर्षण समेत गराउँदै आएको छ ।

गत वर्ष नेपाल सरकारले जारी गरेको पञ्चवर्षीय मानव अधिकार कार्ययोजनाले १७ ओटा विषयलाई प्राथमिकतामा राखेको छ । कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएमा देशको मानव अधिकार सुधारको लागि कोसेढुङ्गा हुनेछ । त्यसका लागि संघ, प्रदेश, जिल्ला र स्थानीय स्तरमा गठित समितिहरूबाट नियमित अनुगमन, मूल्यांकन हुनु जरुरी छ । योजना कार्यान्वयनका लागि स्थानीय तहमा मानव अधिकारबारे चेतना फैलाउन र नियमित अनुगमनका लागि सबै तहमा अनुगमन संयन्त्र तत्काल गठन गरी कार्य गर्नु आवश्यक छ । आयोगका प्रदेश कार्यालयहरूले स्थानीय सरकारसँग समन्वय गरी अनुगमन समितिहरूको क्षमता सवलीकरणका लागि प्रभावकारी भूमिका निर्वाह गर्नेछन् ।

कोभिड-१९ को महामारी र नेपाल सरकारबाट जारी भएको निषेधाज्ञाको समयमा मानव अधिकार र संकट व्यवस्थापनका लागि आयोगले नेपाल सरकार, सम्वद्ध निकाय तथा कोभिड-१९ संकट व्यवस्थापन केन्द्रलाई संकट व्यवस्थापनको लागि सुझावहरू सहित ध्यानाकर्षण गराएको छ । नेपाल सरकारबाट ती विषयहरूमा सम्बन्धित निकायहरू तथा विज्ञहरूसँगको समन्वयमा चाँडै नै सम्बोधन हुनेछ भन्ने आयोगले विश्वास लिएको छ । वर्तमान महामारी, प्रकोप नियन्त्रण र जनस्तरमा गुणात्मक स्वास्थ्य सुविधा र खोपको पहुँच अभिवृद्धि गर्न, स्वास्थ्य सुरक्षा मापदण्डको कार्यान्वयन अवस्था लगायतका सम्बन्धमा स्वास्थ्य मन्त्रालयका साथै नेपाल सरकारको तर्फबाट भएका प्रयासहरूको जानकारी लिने र मानव अधिकारका विषयमा सरकारको ध्यानाकर्षण समेत गराइरहेको छ । निषेधाज्ञाको समयमा मानव अधिकार उल्लंघन हुन सक्ने विषयलाई मध्येनजर गरी आयोगका सवै

प्रादेशिक कार्यालयहरूबाट मानव अधिकार उल्लंघनका उजूरीहरू ग्रहण र व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिइरहेको छ ।

देशमा कोरोना भाइरसको महामारी रहिरहेको अवस्थामा नै आयोगमा नयाँ पदाधिकारीहरूको नियुक्ति भएको छ । आयोगका पदाधिकारीहरूको नियुक्तिसँगै विगतमा झैँ आयोग पुनः यहाँहरू सबैको साथमा हातेमालो गर्दै मानव अधिकारको संरक्षण र सम्बर्धनका लागि समन्वय र सहकार्य गर्दै अघि बढ्नेछ भन्ने यहाँहरूलाई विश्वास दिलाउन चाहन्छु । आयोगले विगतदेखि नै रणनीतिक योजना तर्जुमा गरी कार्य गर्दै आएको छ । तर्जुमा हुँदै गरेको छैठौँ रणनीतिक योजनामा सरोकारवाला निकायहरू, नेपाल सरकारका निकायहरू, संसद, संवैधानिक निकायका पदाधिकारीहरू, आयोगका पूर्व पदाधिकारीहरू, गैरसरकारी संस्था तथा नागरिक समाज, नेपाल स्थित विदेशी कुटनितिक नियोग तथा संयुक्त राष्ट्र संघका प्रतिनिधिहरू लगायत सबैको सल्लाह र सुझाव प्राप्त गरी अन्तिम चरणमा पुगेको छ ।

मानव अधिकार उल्लंघनका विषयमा परेका उजुरी र Sou Moto उजूरीहरूको व्यवस्थापन गर्ने आयोगको मुख्य कार्य रहेको छ । आयोग स्थापनाको २१ वर्षको समयावधिमा दर्ता हुन आएका १३,०५४ उजूरीहरू मध्ये ६,७४७ उजूरी फछ्र्यौट भइसकेका छन भने १,४५० उजूरीहरू तत्काल निर्णय गर्नुपर्ने अवस्थामा रहेका छन् । मानव अधिकार उल्लंघनका उजूरीहरूलाई प्राथमिकताका साथ शीघ्र फछ्र्योट गर्ने आयोगको लक्ष्य छ । दोषीलाई कारवाही र पीडितलाई आवश्यक क्षतिपूर्तिका लागि आयोगबाट गरिएको सिफारिसको कार्यान्वयन अवस्था हेर्दा पूर्ण कार्यान्वयन १३.६४ प्रतिशत र आशिंक ३७.२३ प्रतिशत रहेको छ । ४९ प्रतिशत सिफारिसहरू अहिले पनि विचाराधीन अवस्थामा मै रहेका छन् । तर्जुमा हुँदै गरेको आयोगको छैठौँ रणनीतिक योजनामा आयोगको सिफारिस कार्यान्वयनको विषयलाई प्राथमिकतामा राखी कार्य गरिने आयोगको योजना रहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षणका लागि अन्य मुलुका मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरूसँग MOU गरी कार्य गर्दै आएको छ । मानव अधिकारका विषयमा अन्तर्राष्ट्रिय सम्मेलनहरूको आयोजना गरी मानव अधिकारका विषयमा कार्य गर्ने अन्तर्राष्ट्रिय संघ सस्थाहरू, मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरू (National Human Rights Institutions) लगायतसँग सम्बन्ध विस्तार गर्दै आएको छ । साथै अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत आयोगले आफ्नो सक्रिय सहभागिता जनाउँदै आएको छ र भविष्यमा समेत निरन्तरता दिने नै छ ।

महामारीकै परिणाम स्वरुप आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको उपभोगमा असहज परिस्थिति सिर्जना भएको छ । गत वर्ष भएको लामो समयको बन्दाबन्दी तथा हालको निषेधाज्ञाको कारण साना व्यवसाय तथा दैनिक ज्याला मजदुरी गरी खानेहरू,

उद्योग कलकारखानाहरू, खुद्रा व्यवसायीहरू प्रभावित भएका छन् । सरकारी तथा निजी क्षेत्रबाट सम्पादन हुने नियमित काम कारावाहीहरू प्रभावित बनेका छन् । संक्रमणको त्रास, जीवनको भय र अन्यौलताका कारण कयौँ दीर्घ रोगी, गर्भवती, सुत्केरी महिला, बृद्धबृद्धा, बालबालिका एवम् सीमान्तकृत र पीछडिएका समुदायहरू नियमित स्वास्थ्य सेवाबाट बञ्चित भएका छन् । अहोरात्र खटिरहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, स्वयम्सेवक र राष्ट्रसेवक कर्मचारीहरूका साथै अत्यावश्यक सेवामा खटिरहेका नागरिकहरू बढी जोखिममा रहेका छन् । विश्वविद्यालय तथा विद्यालयहरू भौतिक रुपमा खुल्न नसकेका कारणले बालबालिका तथा विद्यार्थीहरूको शिक्षाको अधिकार प्रभावित भएको छ । महिला तथा बालबालिका माथि हिंसाका घटनाहरू, आत्महत्याका घटनाहरू, मानसिक तथा मनोसामाजिक समस्याहरू बृद्धि भइरहेका छन् । सामाजिक कुरितिको रुपमा रहेका छाउपडी, बालविवाह, बोक्सीको आरोपमा हुने कुटपिटका घटनाहरू समाजमा रहिनै रहेका छन् । महामारीको समयमा नेपाल सरकारका सम्बद्ध निकायहरूको प्रभावकारी अनुगमन अभावका कारण  खाना पकाउने एलपी ग्यास, खाद्य बस्तु, स्वास्थ्य सामग्री तथा औषधीहरूको मूल्य बृद्धि तथा कालोबजारी र कृत्रिम अभावहरू भइरहेको छ । सचेतनाको कमी तथा महामारीको भयका कारण नागरिकले आवश्यक भन्दा बढी घरमा उपभोग्य सामग्री संग्रह पनि गरिरहेका छन् । पर्याप्त मात्रामा खोपको व्यवस्थापन गर्न नसकिरहेको कारणले गर्दा अग्रपङ्तिमा खटिरहेका कर्मचारीहरू, सुरक्षाकर्मीहरू, स्वास्थ्यकर्मीहरू लगायत ज्येष्ठ नागरिकहरू, बालबालिकाहरू प्रभावित रहेका छन् । क्वारेण्टिन तथा होम आइसोलेशनमा अपनाउनुपर्ने सावधानी र व्यवस्थापनमा देखिएको कमजोरी, कृषि उत्पादन तथा मल बीऊ प्राप्तिमा किसानहरूलाई कठिनाई, स्वदेशमा उत्पादित वस्तुहरू उपभोक्ता समक्ष पुग्न भएको समस्या, कोभिडबाट आप्रवासी कामदार तथा गैरआवासीय नागरिकहरूको भइरहेको निधन, नागरिकहरू रोजगारविहिनका साथै हवाई यातायात तथा सार्वजनिक यातायात बन्दका कारण वैदेशिक रोजगारमा रहेका श्रमिकहरू सुरक्षित रुपमा स्वदेश फिर्ता हुनमा कठिनाई उत्पन्न भएको छ ।

**सम्माननीयज्यू,**

महामारीको विषम परिस्थितिमा सरकारी निकायहरूबाट प्रवाह हुने सेवा तथा कार्यक्रमहरू महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत र पछाडि पारिएका समुदायको जीवनस्तरमा सुधार ल्याउने कार्यहरु थप प्रभावकारी हुनु पर्दछ ।  सरकारका सेवाहरू  सहज र समान रुपमा उपलब्धता गर्न, संघ, प्रदेश र स्थानीय तहहरूमा सुविधा सम्पन्न र प्रर्याप्त रुपमा स्रोत र साधन सहितका अस्पतालहरूको व्यवस्था मिलाउन, कोभिड प्रभावित र अन्य नियमित विरामीहरूलाई हेर्नको लागि सरकारी अस्पतालहरूको साथ साथै निजी अस्पतालहरूको समेत सहभागीता बढाई आवश्यक व्यवस्थापन गर्न, महँगी तथा कालाबजारीलाई नियन्त्रण गर्न, कोरोना भाइरसको विषयमा सहि सूचना र जानकारीहरू प्रवाहका कार्यहरू बृद्धि गर्न,

सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीहरूको मनोबल उच्च राख्नको लागि सेवा सुविधामा विशेष ध्यान दिन र विगतमा गरिएका प्रतिबद्धतालाई कार्यान्वयन गर्न, स्वास्थ्य जनशक्तिलाई प्रभावकारी व्यवस्थापनका साथै यथोचित स्रोत र साधनको व्यवस्था गर्न, सिमा क्षेत्रबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरूको व्ययस्थापन गर्न, हिरासत तथा कैदी बन्दीहरूको नियमित स्वास्थ्य उपचारको व्यवस्था प्रभावकारी रुपबाट मिलाउन, सबैलाई समान रुपमा खोपको व्यवस्थापन गर्ने तर्फ पहल गर्न म सम्माननीयज्यूको ध्यानाकर्षण गर्न चाहन्छु ।

मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा तथा मानव अधिकार सम्बन्धी सन्धिजनित समितिहरूबाट नेपाल सरकारलाई गरिएका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन गर्नु पक्ष राष्ट्रको हैसियतले त्यत्तिकै जरूरी रहेको छ । त्यस्तै गरि दिगो विकासका लक्ष्य सम्बन्धी भएको अन्तर्राष्ट्रिय प्रतिवद्धताका सम्बन्धमा समेत प्रभावकारी रुपमा कार्य गर्नु त्यतिकै आवश्यक रहेको छ ।

आयोगका सिफारिसहरूलाई पूर्ण कार्यान्वयन गर्नुपर्ने संवैधानिक र कानूनी दायित्व पूरा गर्नेतर्फ नेपाल सरकारले आवश्यक कदमहरू चाल्ने छ भन्नेमा आयोग विश्वस्त रहेको छ । साथै वि.सं.२०७२ सालको भूकम्पबाट क्षति हुन पुगेको आयोगको भवन पुनः निर्माण हुन सकिरहेको छैन आयोग हाल टहरामा बसी नियमित कार्य गरिरहनुपरेको अवस्थामा आयोगको लागि भवन व्यवस्थापनको विषयका साथै सङ्घीय संरचनाअनुसार आयोगले तय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको आयोगको साङ्गठिनक संरचना सम्बन्धमा सम्माननीयज्यूबाट चाँडै नै सम्बोधन हुनेछ भन्ने आयोगले विश्वास लिएको छ ।

अन्त्यमा,

आयोगले आयोजना गरेको यस कार्यक्रमको गरिमा बढाई यस भर्चुअल कार्यक्रममा आफ्नो महत्वपूर्ण समय उपलब्ध गराई मानव अधिकार सम्बन्धमा सरकारको प्रतिवद्धता व्यक्त गर्नुभएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू लाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । महामारीको परिस्थितिमा मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि नेपाल सरकार, नागरिक समाज, मानव अधिकारकर्मीहरू, सञ्चारकर्मीहरू, स्वास्थ्यकर्मीहरू, सुरक्षाकर्मीहरू, संयुक्त राष्ट्र संघको नेपाल स्थित निकायहरू तथा नेपाल स्थित विदेशी कुटनितिक नियोगहरू, मानव सेवामा खटिएका व्यक्तित्वहरू, आयोगका पदाधिकारीहरू तथा कर्मचारीहरू सबैको अथक प्रयास, साथ र सहयोगका लागि म सबैप्रति धन्यवाद व्यक्त गर्दछु । नागरिकको जीवनको अधिकार संरक्षणको लागि साथै महामारीको संक्रमणबाट सुरक्षित रहनको लागि नेपाल सरकारबाट जारी भएको निषेधाज्ञाको साथै स्वास्थ्य मापदण्डको पूर्ण पालना गरौं । हामी सबैले सबैलाई जो जहाँ जुन अवस्थामा छौं, त्यहींबाट एक अर्काको आशा र

भरोसालाई बलियो बनाई हामी एक्लो छैनौँ, सबै साथ छौँ भन्ने सन्देश प्रवाह गर्न चाहन्छु । कोभिड- १९ विरुद्ध लड्न हामी सबै एक भई जुटौँ ।

आफ्नो व्यस्त समयका बावजुद पनि आजको यस भर्चुअल कार्यक्रमका लागि समय दिनुभएकोमा सम्पूर्ण अतिथिज्यूहरुलाई धन्यवाद दिँदै आजको यस कार्यक्रमको समापन गर्दछु ।

॥ धन्यवाद ॥   १३ जेठ २०७८, ललितपुर, नेपाल